# रामारोशन गाउँपालिकाको महिला समुह गठन तथा संचालन कार्यविधि-२०८०

कार्यपालिकाबाट स्विकृत मितिः २०८०/०२/०१

## प्रस्तावनाः

सामुहिक प्रयासबाट महिलाको हित प्रवर्द्धन गर्न, महिलाको सामाजिक तथा आर्थिक विकास, महिलाको आय आर्जनमा बृद्धी गर्न, महिलाहरुको हक हितको रक्षा गर्न, राज्य संयन्त्रप्रति महिलाहरुको पँहुच स्थापित गर्न, समग्र महिलाहरुको उत्थान गरी समतामुलक समाजको निर्माण गर्न महिलाहरु मात्र सदस्य रहने गरि एक टोल विकास संस्था, एक महिला समुह गठन गरि वडा समितिको अधिनमा हने गरि स्थानिय सरकार संचालन ऐन, २०७४ मर्म अनुरुप स्थानिय सेवाको अधिकतम उपयोग गर्न रामारोशन गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम "रामारोशन गाउँपालिकाको महिला समुह गठन तथा संचालन कार्यविधि २०८०"रहने छ ।

(२) कार्यपालिकाबाट स्विकृत भएको मिति देखि यो कार्यविधि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "अध्यक्ष" भन्नले रामारोशन गाउँपालिकाकव अध्यक्षलाई जनाउँछ ।

ख) "वडाअध्यक्ष" भन्नाले रामारोशन गाउँपालिकाको वडा अध्यक्षलाई जनाउँछ ।

ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले रामारोशन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ ।

घ) "महिला" भन्नाले रामारोशन गाउँपालिकाको २० वर्ष उमेर पुरा भएका ६० वर्ष ननाघेका वयस्क एंव विवाहित महिलालाई जनाउँछ । सो शब्दले एकल महिला समेतलाई जनाउँछ ।

ङ) "गाउँपालिका" भन्नाले रामारोशन गाउँपालिकालाई जनाउँछ ।

च) "कार्यपालिका" भन्नाले रामारोशन गाउँपालिकाको कार्यपालिकालाई जनाउँछ ।

**३. उद्देश्यः** महिला समुह संचालनको मुख्य उद्देश्य देहाय बमोजिम रहनेछन् ।

क) विभिन्न निकायबाट प्रवाह गरिने सेवामा महिलाको पँहुच अभिबृद्धी गर्न।

ख) महिलाहरुलाई आफ्ना हक हित र अधिकारका विषयमा जागरुक गराउने ।

ग) विभिन्न निकायबाट संचालन हुने विकास क्रियाकलापमा महिलाको सहभागिता सुनिश्चित गर्ने ।

घ) निर्णय प्रकृयामा महिलालाई समान अवसर र अधिकार प्रदान गर्ने ।

ङ) महिला समुहलाई वडा समितिको मातहतमा रहने गरि सहभागितामुलक योजना तर्जुमा अनुगमन तथा मुल्याकंनमा सहभागी गराउने ।

च) सामाजिक विकृति विसङ्गती, कुरिती अन्धविश्वास, लैङ्गिक विभेद सामाजिक अपहेलना विरुद्ध आवज उठाउन जागरुक गराउने ।

छ) महिलाको सामाजिक, सास्कृतिक, आर्थिक, शैक्षिक, लैङ्गिक तथा विविध क्षेत्रमा हुने कमजोर उपस्थितिलाई पुरुषसरह पँहुचयोग्य बनाई समातामुलक समाजको निर्माणमा सहयोग पुर्याउने ।

ज) महिला अधिकारमैत्री गाउँपालिकाको रुपमा पहिचान स्थापित गर्ने ।

झ) महिलमैत्री लक्षित कार्यक्रम तय गर्ने ।

## ४. टोल विकास संस्थास्तरिय महिला समुह गठनः

१) गाउँपालिकाको प्रत्येक टोल विकास संस्थामा महिला मात्र रहने गरी ७ देखि ११ सदस्य सहितको एक महिला समुह गठन हुनेछ ।

२) उपदफा (२) बमोजिम गठन हुने महिला समुहमा वडाका जनप्रतिनिधि, टोलविकास संस्थाका पदाधिकारी तथा वडाबासिहरुको भेलाबाट अध्यक्ष तथा सदस्यहरु रहेको एक महिला समुह संचालन समिति गठन हुनेछ ।

३) उपदफा (२) बमोजिम गठन हुने महिला समुह संचालन समितिका पदाधिकारिहरुको सहमतिका आधारमाप्रत्येक दुई वर्षमा आफु पदाधिकारीर रहेको पद हेरफेर गर्न सक्नेछन् ।

४) महिला समुह संचालन समितिले टोल विकास संस्था, वडा समिति तथा गाउँपालिकासँग योजना निर्माण तथा कार्यान्वयन, कार्यक्रम संचालनमा सहजकर्ता तथा समन्वयकारी भुमिका निर्वाह गर्नेछन्

## ५. वडास्तरीय महिला समुह संचालन समिति गठनः

१) वडाभित्र प्रत्येक टोल विकास संस्थाका महिला समुह संचालन समितिकव अध्यक्ष रहेको एक

वडास्तरीय महिला समुह संचालन समिति रहनेछ ।

२) उपदफा (१) बमोजिमको महिला समुह संचालन समितिमा सहमतीका आधारमा अध्यक्ष तथा सदस्यहरु रहनेछन् ।

३) उपदफा (१) बमोजिकको समितिको सचिवको रुपमा वडा सचिव रहनेछ ।

## ६. वडास्तरीय महिला समुह संचालन समितिको काम तथा कर्तब्यः

(१) वडास्तरीय महिला समुह संचालन समितिले देहायका कार्य गर्नेछः

क) महिलाका सवालहरुका विषयमा वडासमितिलाई आवश्यक सुझाव सल्लाह प्रदान गर्ने,

ख) महिला हित हुने खालका कार्यक्रम तथा योजनाहरु माग गर्ने तथा विकास निर्माणमा वडा समिति प्रति समन्वयकारी, सहजकारी भुमिका निर्वाह गर्नेछन् ।

ग) वडाका प्रत्येक टोलहरुमा रहेका सवालहरु, विकृति तथा विसङ्गतीका विषयहरुमा घनिभुत छलफल गरी निराकरणका लागि वडासमक्ष सुझाव तथा सल्लाह दिने,

घ) टोलमा हुने कुनै पनि प्रकारको आपराधिक घटनाका विषयमा सत्य तथा तथ्य सहित वडा तथा सम्बन्धित निकायमा जानकारी गराउने,

ङ) सभ्य सुसस्कृत तथा नमुना टोल निर्माणका लागि उपाय खोजी गरि लागू गर्ने,

## ७. गाउँपालिका स्तरिय महिला समूह संचालन समिति गठनः

(१) महिलाको आर्थिक, सामाजिक, लैङ्गिक, सास्कृतिक, मनोवैज्ञानिक एंव समग्र क्षेत्रको समन्वयकारी भुमिका निर्वाह गर्न एक गाउँपालिका स्तरिय महिला समूह संचालन समिति गठन गरिनेछ । जसमा देहाय बमोजिमका पदाधिकारीहरु रहनेछन ।

क) गाउँपालिका अध्यक्षले तोकेको कार्यपालिका सदस्यमध्ये एक जना महिला — अध्यक्ष

ख) वडा स्तरीय महिला समुह संचालन समितिका अध्यक्ष — सदस्य

ग) स्थानिय सहकारीका महिला एक जना — सदस्य

घ) माध्यामिक तहका महिला शिक्षक एक जना- सदस्य

ङ) गैरसरकारी संस्थाका महिला प्रतिनिधि एक जना — सदस्य

राम बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

च) विभिन्न राजनितिक दलको प्रतिनिधि[illegible] प्रतिनिधि दुई जना — सदस्य

छ) महिला विकास शाखा प्रमुख सदस्य — सदस्य सचिव

**<u>८. गाउँपालिका स्तरिय महिला समूह संचालन समितिको काम र कर्तव्यः</u>** गाउँपालिकामा गठन हुने महिला समुह संचालन समितिले देहायका कार्यहरु गर्नेछनः

क) महिला अधिकार, महिलाका विविध सवालहरुका विषयमा उचित नीति तथा रणनीति तय गर्न गाउँपालिकालाई सुझाव तथा सल्लाह दिने,

ख) नमुना टोल स्तरीय महिला समूह पहिचान गरी पुरस्कृत गर्नका लागि गाउँपालिकालाई सिफारिस गर्ने,

ग) महिलाहरुमा सचेतना बृद्धि गर्न आवश्य पर्ने कार्यक्रम तथा योजना तय गरी गाउँपालिकालाई सिफारीस गर्ने,

घ) महिलाई सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको सुनिश्चितता गर्न गाउँपालिकालाई आवश्यक सुझाव सल्लाह दिने,

ङ) महिला विरुद्ध धार्मिक, सामाजिक, सास्कृतिक परम्परा, प्रचलन वा कुनै आधारमा शारिरीक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण विरुद्ध आवश्यक पहल गर्ने ,

च) महिला अधिकारमैत्री गाउँपालिका निर्माणमा आवश्यक पहल गर्ने,

छ) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी तथा सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्रदान गर्न पहल गर्ने,

**<u>९. महिला समूह सूचिकृत हुनुपर्नेः</u>**

(१) प्रत्येक टोलमा गठन हुने महिला समूह गाउँपालिकाको महिला शाखामा सुचिकृत हुनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिक सूचिकृत हुनको लागि महिला समूहले वडाको सिफारीस सहित पेश गर्ने निवेदनको ढाँचा अनुसूची -१ बमोजिम हुनेछ ।

राम बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

(३) महिला समूह संचालन समितिबाट निर्णय भई दर्ताको लागि निवेदन पेश गरेमा गाउँपालिकाले अनुसूची — २ बमोजिम महिला समूह दर्ता प्रमाणपत्र प्रदान गर्नुपर्नेछ ।

(४) कुनै महिला समूहले यस कार्यविधिको उद्देश्य विपरीत कार्य गरेमा वा प्रचलित कानुन बमोजिम गर्न नहुने कार्य गरेमा गाउँपालिकाले जुनसुकै बखत त्यस्तो समूह खारेज गर्न सक्नेछ । दर्ता खारेज भएपछि सो स्थानमा नँया महिला समूह गठन हुनेछ ।

**<u>१०. एक टोल विकास संस्था एक महिला समुह हुनेः</u>** प्रत्येक टोल विकास संस्थामा एक भन्दा बढी समुह रहने छैनन् ।

**<u>११. पुरस्कृत गर्नेः</u>** उत्कृष्ट कार्य गरी नमुनाको रुपमा विकास हुने महिला समूहलाई गाउँपालिकाले उपयुक्त अवसरमा पुरस्कृत गर्न सक्नेछ ।

**<u>१२. महिला समूहको कामः</u>** टोल विकास सस्थामा गठन हुने महिला देहाय बमोजिमको कार्य गर्नेछन् ।

(क) मकवानपुरगढी गाउँपालिकाको सामाजिक व्यवहार सुधार ऐन, २०७५ को प्रभावकारी कार्यान्वयन गर्ने

(ख) सरकारी तथा गैरसरकारी संस्थाहरुसँगको सुमधुर सम्बन्ध स्थापीत गरी महिला समूहको उत्थानमा सहजीकरण गर्ने

(ग) गाउँपालिका तथा वडाबाट संचालित योजनामा सक्रिय सहभागीता जनाउने ।

(घ) एच.आई.भि. एड्स, अन्धविश्वास, कुरीति,रजस्वला हुँदा अछुत हुने प्रथा, बाल विवाह, बहुविवाह जस्त सामाजिक समस्या, विकृति, विसङ्गतीको पहिचान गरी सुधारका प्रयासहरु गर्ने ।

(ङ) धुम्रपान तथा मद्यपान निषेध गर्ने, जुवातास, कौडा लगायतका खेलकुदहरु बन्द गरी नमुना गाउँको रुपमा स्थापीत गर्दै लैजाने ।

(च) टोलमा महिला सचेतनामुलक कार्यक्रम संचालन गरी सभ्य सुसस्कृत टोल समाज निर्माणमा सक्रिय भुमिका निर्वाह गर्ने ।

राम बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

(छ) समानतामा आधारीत पँहुच समतामुलक समाज निर्माणमा जोड दिई महिला अधिकारका विषयहरुप्रति सचेत एंव चनाखो हुने ।

(ज) होमस्टेको सुरुवात गरी आफ्नो रितिरिवाज, संस्कृतीको प्रदर्शनमार्फत आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनमा सहयोग पुर्याउने ।

## १३. नाम जुराउनुपर्नेः

(१) यस कार्यविधि बमोजिम गठन हुने टोल विकासस्तरीय महिला समूहको नाम सोही महिला समूहको निर्णय अनुसार जुराउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम जुराइएको महिला समूहको नाम गाउँपालिकाको महिला शाखामा दर्ता गर्ने क्रममा दर्ता भईसकेको अन्य महिला समूहको नामसँग बाझिएमा वा एउटै पर्न गएमा दर्ता हुन आएको नँया महिला समूहले पुनः निर्णय गरी एउटै नाम नपर्ने गरी अर्को नाम जुराई दर्ता गराउनुपर्नेछ ।

## १४. विविधः

(१) यो कार्यविधि प्रचलित संघ, प्रदेश तथा रामारोशन गाउँपालिकाले बनाएको कानुनसँग बाझीएमा हदसम्म बाझिएका बुँदाहरु स्वतः खारेज हुनेछन् ।

(२) यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा गाउँपालिकाको कार्यपालिकाको निर्णय अनुसार अध्यक्षबाट बाधा अड्काउ फुकाउ गरिनेछ ।

राम बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची १

## (दफा ९ को उपदफा २ सँग सम्बन्धित)

## महिला समूहलाई गाउँपालिकामा दर्ता निवेदनको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
रामारोशन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
शान्तडा, अछाम ।

विषयः महिला समूह दर्ता गरि पाउँ ।

महोदय
प्रस्तुत विषयमा यस रामारोशन गाउँपालिका वडा नं. .........को .....................टोल विकास संस्थामा गठन गरिएको तपशिल बमोजिम पदाधिकारीहरु रहेको ............................. महिला समूहलाई यस गाउँपालिका कार्यालयमा दर्ता/ सूचिकृत गरी महिला समुह प्रमाण उपलब्ध गराईदिनुहुन अनुरोध छ ।

तपशिलः

| सि.नं. | नाम | पद | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

(नोटः महिला समूह दर्ता गर्न आवश्यक कागजातहरुः भेलाको निर्णय, वडाको सिफारीस, टोल विकास संस्थाको प्रमाणपत्रको प्रतिलिपि, महिला समुहलाई गाउँपालिकामा दर्ता गर्ने निवेदन )

राम बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

रामारोशन गाउँपालिका
कार्यपालिकाको कार्यालय
शान्तडा, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

महिला समूहको नाम

ठेगानाः

# अनुसूची २

## (दफा ९ को उपदफा ३ सँग सम्बन्धित)

## महिला समूहको दर्ता प्रमाणपत्रको ढाँचा

रामारोशन गाउँपालका

गाउँ कार्यपालिकाको कार्यालय

शान्तडा, अछाम

दर्ता नं.

मितिः

**प्रमाणपत्र**

रामारोशन गाउँपालका वडा नं. ......... स्थित..........................टोल विकास संस्थामा गठन भएको ................................महिला समुहलाई यस कार्यालयमा मिति ...................... मा दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ । यस गाउँपालिकाका महिलाहरुको हित प्रवर्द्धन गर्ने, महिला शसक्तिकरण गर्ने, विकास निर्माणमा महिलाको सहभागीता गराउने, सामाजिक विकृती, विसङ्गतीका विरुद्ध आवाज उठाउने तथा महिलालाई सक्रिय र जागरुक गराउने पक्षमा यस महिला समूहको उल्लेखनीय भूमिका हुने उपेक्षामा साथ उत्तरोत्तर प्रगतिको शुभकामना ब्यक्त गर्दछु ।

................................

नाम राम बहादुर भण्डारी

प्रमुख प्रशासकीय अधिकृत

२०८०।२।११

राम बहादुर भण्डारी

प्रमुख प्रशासकीय अधिकृत